स्थानीय सरकार एमालेको साथमा,
विकास र समृद्धि जनताको हातमा

## स्थानीय तह निर्वाचन-२०७९

वीरेन्द्रनगर नगरपालिकाको

# निर्वाचन प्रतिवद्धतापत्र

## २०७९






नेकपा (एमाले)
**वीरेन्द्रनगर नगर कमिटी**
सुर्खेत








# वीरेन्द्रनगर नगरपालिकाको
# निर्वाचन प्रतिवद्धतापत्र-२०७९

**आदरणीय नगरबासी दाजुभाइ दिदीबहिनीहरू !**

नेपालभर हुन गैरहेको आसन्न निर्वाचनको सन्दर्भमा लोकतन्त्र, गणतन्त्र, तथा प्रदेश प्राप्तिका लागि आफ्नो अमूल्य जीवनलाई बलिदान गरेका ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान-२०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बाट प्राप्त एकल अधिकार तथा साझा अधिकारभित्र रहेर संविधानले प्रत्याभूत गरेका मौलिक हक र मानव अधिकारको सुनिश्चित गर्दै स्थानीय स्वायत्त शासन तथा आधारभूत लोकतन्त्रका माध्यमबाट मात्रै जनताको सार्वभौमसत्ता सुनिश्चित गरी लोकतन्त्रलाई जगैबाट मझबुत गर्न सकिन्छ भन्ने विश्वासका साथ जनताको सेवा प्रवाह निर्वाध होस् भन्ने सोचका साथ स्थानीय जनप्रतिनिधिमार्फत संविधान प्रदत्त हकको कार्यान्वय, स्थानीय साधनस्रोतको परिचालनद्वारा सेवाप्रवाह र विकास, विपद् व्यवस्थापन र सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हाँसिल गर्दै सुशासन र समृद्धिको जगमा उभिएर स्थानीय तहको विकास र सुशासनलाई थप उचाइ दिन २०७९ वैशाख ३० गते सम्पन्न हुने निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी एमाले वीरेन्द्रनगर नगरकमिटि, सुर्खेतका तर्फबाट निम्न अनुसारको प्रतिवद्धता व्यक्त गर्दछ ।

## १. पूर्वाधारक्षेत्र

१. वीरेन्द्रनगर नगरपालिकाको खानेपानी तथा सरसफाईको दीर्घकालीन समस्या समाधानका लागि सुर्खेत उपत्यकाको खानेपानी भेरी लिफ्ट योजना तीन वर्षमा सम्पन्न गरी नगरमा पर्याप्त खानेपानीको व्यवस्थापन गरिने छ ।

२. वीरेन्द्रनगर नगरपालिकाको वडानम्बर ११ सुब्बाकुनादेखि फलाटेसम्मको सहायक राजमार्गको डिपिआर बनाई आरम्भ गर्ने ।

३. हाल भैरहेको निकास खोलाको संरचनाको कार्यलाई निरन्तरता दिई नगरका आँपडाली खोला, खोर्केखोला, इत्राम खोला र नेवारे खोलामा करिडोर निर्माण तथा वीरेन्द्रनगर नगरक्षेत्र भित्रका झुप्रा खोलालगायत सबै खोलाको संरक्षणको नीति लिइने छ ।

४. वैकल्पिक वसपार्कको रूपमा वीरेन्द्रनगरमा सम्भाव्यता अध्ययन विस्तृत परियोजना निर्माण गरी बसपार्क बनाइने छ ।

५ नगरक्षेत्र भित्रका सडकहरू तथा प्रत्येक घरधुरीको नम्बरिङ्ग गर्दै मेट्रिक ठेगाना प्रणाली लागु गरिने छ ।

६. गुरुयोजना अनुरूप नक्साङ्कन गरिएका सडकहरूको लगतकट्टा गर्न सहरी नापीलाई निरन्तरता दिइनेछ ।

७. नगरभित्र निर्माण हुने निजी तथा सार्वजनिक भवनहरूको भूकम्प प्रतिरोधीघर निर्माण र नक्सापासको कार्य अनिवार्य तथा प्रभावकारी रूपमा अघि बढाइने छ ।

८. समग्र नगरको फोहोरमैला उचित व्यवस्थापनका लागि ल्याण्डफिलसाइट निर्माणमा तीव्रता दिँदै कार्य सम्पन्न गरिने छ ।

९. वीरेन्द्रनगर उपत्यका लगायत बाहिरका वडानम्बर १२, १३, १४, १५ र १६ मा खानेपानी सम्भाव्यता अध्ययन गरी सहज व्यवस्थापन गरिने छ ।

१०. पूर्वाधार विकासमा नीजि क्षेत्रको सहकार्यलाई अघि बढाइने छ । सपिङ महल, बसपार्क, विभिन्न पार्कजस्ता संरचना निर्माण तीब्रता ल्याइने छ ।

११. साझेदारी निकाय, सहरीविकास मन्त्रालय, नगर विकास कोष, दातृ निकाय लगायतको सहयोगमा सघन सहरी विकास कार्यक्रम अघि बढाइने छ ।
१२. नगरक्षेत्रको समृद्ध विकासका लागि सार्वजनिक, नीजि र साझेदारी मोडेलबाट विकासका कार्यहरू संचालन गर्न नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।
१३. हालको सिटी बसपार्क विस्तार गरी सञ्चालनमा ल्याइनेछ । वीरेन्द्रनगर नगरक्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधारको दिगोपनका निम्ति निर्माण सामग्रीहरूको गुणस्तर परिक्षण गर्न सिभिल इन्जिनियरिङ ल्याव स्थापना गरी सोको सञ्चालन गरिने छ ।
१४. विद्युतीकरण हुन नसकेका विभिन्न वडाका क्षेत्रहरूमा विद्युतलाइन विस्तार गरी बत्ति बाल्न सहज बनाइने छ ।
१५. वीरेन्द्रनगरको सिटिसेनिटेसन गुरुयोजनालाई आधार मान्दै बजारक्षेत्रको ढल निकासयोजना अघि बढाइने छ ।
१६. विस्तारित नगरक्षेत्रका जमिनमा बढ्दै गएको अव्यवस्थित प्लटिङलाई रोकी व्यवस्थित योजना अघि बढाइने छ ।
१७. अटो, ग्यारेज तथा उद्योगहरूलाई निश्चित क्षेत्र तोकी सोही क्षेत्रभित्र मात्र व्यवसाय संचालन गर्ने व्यवस्था गरिने छ ।
१८. वीरेन्द्रनगरमा निर्माणधिन सम्पूर्ण सडक निर्माणमा तीव्रता दिँदै संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।
१९. रत्नराजमार्गदेखि दक्षिणतर्फ क्षेत्रको बाटोको क्षेत्राधिकार तोकी सडक कालोपत्रे र स्तरोन्नतिमा व्यवस्थापन गरिने छ ।
२०. नगरक्षेत्र भित्रका सडकहरूको स्तरोन्नति गरी नगरबस संचालन गरिने छ ।
२१. उपयुक्त स्थानमा सुर्खेत विमानस्थलको सम्भाव्यवता अध्ययन गरिने छ ।
२२. हालको नगरपालिकालाई उपमहानगरपालिका बनाउनका लागि आवश्यक स्रोत तथा भौतिक पूर्वाधारको विकास गरिने छ ।
२३. वडाकै सिफारिसमा प्रत्येक वडामा नगर गौरवका पूर्वाधारका योजना निर्माण गरिने छ ।

२४. नगर विकास प्राधिकरण गठन गरी नगरको एकीकृत विकासको मोडेल अघि बढाइने छ ।

२५. नगरक्षेत्रभित्रको सन्तुलित विकास गर्नका लागि आधुनिक सुविधासमपन्न अन्डरग्राउण्ड पार्किङ्ग सहितका सपिङ्ग कम्प्लेक्स यथाशीघ्र बनाइने छ ।

२६. बीचौलियाहरूले वीरेन्द्रनगर क्षेत्रभित्रका सार्वजनिक जग्गाको दुरुपयोग गर्दै आएको पृष्ठभूमिमा जग्गाको यथार्थ लगत लिई नगरपालिकालाई फाइदा हुने गरी सार्वजनिक जग्गालाई आयआर्जन हुने गरी प्रयोग गर्ने नीति लिइने छ ।

## २. स्वास्थ्य क्षेत्र

१. नगरभित्र रहेका सबै वडा स्वास्थ्यचौकीको स्तरवृद्धि र आवश्यक सबै औषधिको व्यवस्थापन गर्दैं जनशक्तिसहित स्वास्थ्य सेवालाई विकेन्द्रीकृत गर्दैं लिइने छ ।

२. कटुकुवा अस्पताललाई महिला बालबालिका विशेषज्ञ अस्पतालको रूपमा विकास गर्दै लिइने छ ।

३. स्वास्थ्य स्वयम्सेवीकाको कामको मूल्याङकन गर्दै मनोवल उच्च राख्दै काम गर्ने वातावरण तयार गर्न मासिक सेवा सुविधाको नीति लिइने छ ।

४. सुरक्षित बर्थिङसेन्टर र खोपकेन्द्रको निर्माण एवं विस्तारमा जोड दिइने छ ।

५. योग, प्रणायाम, आयुर्वेद, आहार, विहार र विचारमा जोड दिँदै प्रत्येक टोलमा आभियान संचालन गरिने छ ।

६. गर्भवती महिलालाई, निःशुल्क भिडियो एक्सरे, निःशुल्क एम्बुलेन्ससेवा, सबै महिलाका लागि निःशुल्क सेनिटरी प्याड कार्यक्रमलाई निरन्तरमा दिँदै प्रभावकारी रूपमा लागु गरिने छ ।

७. नगरभित्रका स्वास्थ्य संस्थाहरूलाई अपाङगमैत्री, जेष्ठ नागरिकमैत्री र बालमैत्री बनाउने नीति लिइने छ ।

८. बालमृत्युदर तथा मातृमृत्युदर घटाउनका लागि सुरक्षित

मातृत्व, बालस्वास्थ्यपोषण, परिवार नियोजन, आमासुरक्षा तथा संक्रामक रोगसम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रूपले संचालन गर्ने व्यवस्था मिलाइने छ ।

९. नगरका दुर्गम ठाउँहरूका गर्भवती महिलाको स्वास्थ्य परिक्षणका लागि घुम्ति टोलीको व्यवस्थापन गरिने छ ।

१०. मनोरोग तथा दुर्व्यशनमा फसेका नागरिकलाई ध्यानयोग, परापर्शकेन्द्र निर्माण गरी सेवा प्रारम्भ गरिने छ ।

११. विशेष प्रकृतिका रोगहरू मृगौला, मुटु ट्रमासेन्टरको विशेषज्ञसेवा संचालनका लागि पहल गरिने छ ।

१२. महिलाका लागि निःशुल्क पाठेघर परिक्षण क्याम्पको रूपमा निरन्तर संचालन गरिने छ ।

१३. थारु समुदायमा देखिने सिकलसेल एनिमिया रोगको रोकथाम तथा निदानका लागि अभियान संचालन गर्दै परिक्षणको दायरा बढाइने छ ।

१४. स्वास्थ्य क्षेत्रमा आईपर्ने कोभिडजस्ता महामारीलाई फैलिन नदिन र पोषण अवस्थालाई सामान्य अवस्थामा राख्न विपद् व्यवस्थापन स्वास्थ्यसेवा प्रभावकोष कार्य संचालन गरिने छ ।

## ३. सामाजिक क्षेत्र

१. हाम्रो समाजमा बढ्दै गएको साइबर अपराधका घटनाको न्युनीकरणका लागि कानुन निर्माण गरिने छ ।

२. "एक घर एक महिला स्वरोजगार, वीरेन्द्रनगरको विकास र संवृद्धिको मूलआधार" भन्ने नारासहित सुरु भएको महिला स्वरोजगार कार्यक्रमको निरन्तरता दिँदै महिलालाई वस्तुगत सेवासहित सीप विकास तालिम दिएर आयआर्जनमा संलग्न गराइने छ ।

३. हिँसा प्रभावित महिला तथा बालबालिकाको पुनःस्थापनाका निम्ति निर्माण सेफहाउस संचालनमा ल्याइने छ ।

४. प्रत्येक वडामा जेष्ठ नागरिक परिचयपत्र वितरण तथा जेष्ठ

नागरिक सम्मानका लागि विभिन्न कार्यक्रम सहित दिवासेवा केन्द्र संचालन गरिने छ ।

५. बालविवाहमुक्त नगर तथा बालश्रममुक्त नगर घोषणाका लागि विभिन्न अभियान संचालन तथा जोखिममा परेका बालबालिकाको उद्धार तथा पुर्नस्थापना गरिने छ ।

६. नगरक्षेत्रभित्र अपाङ्गता भएका व्यक्ति, महिला, दलित, एकल महिला र जनजातिहरूका लागि अपाङ्गता परिचयपत्र तथा गरिब परिचयपत्र वितरण गरी आयआर्जनका तथा अन्य कार्यक्रम संचालन गरिने छ ।

७. पालिकामा निर्माण भएका सीप विकास केन्द्रको स्तरोन्नति गर्दै अवश्यकता र मागको आधारमा युवा तथा महिलाहरूको सीप विकास तालिम संचालन गरिने छ ।

८. अटोरिक्सा संचालन व्यवसाय ढाँका बुनाइ, सिलाइ, कटाइ विभिन्न साना उद्योगहरूमा महिलाको सीप विकास गरी बीउपुँजी उपलब्ध गराउदै प्रत्यक्ष आयआर्जनमा लगाइने छ र भइरहेका कामलाई निरन्तरता दिइने छ ।

९ नगर बालमैत्री, महिलामैत्री, युवामैत्री, अपाङ्गमैत्री र बृद्धमैत्री बनाउन विभिन्न कार्यक्रमहरू संचालन गरिने छ ।

१०. टोलविकास संस्थालाई व्यवस्थित गराउँदै विकास योजना छनौटदेखि योजना कार्यान्वयनसम्म निगरानी समूहको रूपमा विकास गरिने छ ।

११. नगरपालिकाबाट संचालन गरिने लक्षितवर्ग दलित, जनजाति, वादी, राजी मुक्तहलिया तथा अन्य लोपोन्मुख समुदायहरूलाई जनचेतनामूलक, उत्पादन र सामाजिक शसक्तीकरण कार्यक्रमलगायत सीप विकास, उद्दमशिलता र उत्पादन क्षेत्रमा आबद्ध गरिने छ नगरपालिकालाई कार्यक्षेत्र तोकेका गैरसरकारी सस्थाहरूको विषयगत वर्गीकरण एकद्वार प्रणालीमार्फत संचालन व्यवस्था मिलाइने छ ।

१२. नगरभित्रका महिला, असहाय तथा गरीब परिवारलाई निःशुल्क कानुनीसेवा उपलब्ध गराइने छ ।

१३. घरपरिवारदेखि राष्ट्रिय स्तरसम्म आत्मसम्मान सहितको सहभागिता र अवसर मिलाइने छ ।
१४. महीला तथा किशोरीहरूलाई आत्मरक्षाको सीप प्रदान गर्ने नीति लिइने छ ।
१५. छोरी बचतखाताको निरन्तरता र प्रोत्साहन गरिने छ ।
१६. किशोर किशोरीमैत्री र पोषणमैत्री नगरको रूपमा घोषणा र कार्यान्वयन गरिने छ ।
१७. जेष्ठ नागरिकका लागि घरघरमा स्वास्थ्य जाँच, हातहातमा सामाजिक सुरक्षाभत्ता उपलब्ध गराइने छ ।
१८. ज्येष्ठ नागारिक देशदर्शन कार्यक्रम ल्याइने छ ।
१९. जेष्ठ नागरिक स्याहार, सुसार र संरक्षण गर्ने परिवारलाई प्रोत्साहन गरिने छ ।
२०. भेरीमा गरिने शवदाहाको वैज्ञानिक व्यवस्थापन गर्नुका साथै नगर भित्र रहेका विभिन्न धार्मिक समुदायका मानिसहरूको शवको धार्मिक मान्यता अनुसार अन्त्यष्टी गरिने व्यवस्था गरिने छ ।

## ४. वातावरण तथा विपद्‌व्यवस्थापन क्षेत्र

१. नगरपालिका क्षेत्रभित्रको अव्यवस्थित ढल तथा नालालाई वातावरण अनुकूलित, वैज्ञानिक तथा आयमूलक बनाउनका लागि प्रभावकारी कार्यान्वयन गरिनेछ ।
२. प्लास्टिक न्यूनीकरण र फोहोर संकलन अभियान संचालन गर्ने र सामाजिक संघसंस्था र सरोकारबालाहरूलाई त्यसमा साझेदारी गर्न प्रोत्साहित गरिने छ ।
३. वीरेन्द्रनगर नगरपालिकामा प्रमुख समस्याको रूपमा रहेको छाडा पशु चौपायागौशालाको व्यवस्थापन गर्ने नीतिका साथै पशुअस्पताल स्थापना गरी सेवा सुचारु गरिनेछ ।
४. नगरपालिकाभित्र रहेका सामूदायीक कुकुरहरूलाई उचित रूपले व्यवस्थापन गर्ने नीति लिइनेछ ।

५. नगरको उत्तरी तथा दक्षिणी पहाडी भागमा जलाशायहरू निर्माण गरी पानीका स्रोतहरूको संरक्षण गर्ने नीति लिइनेछ ।

६. नगरका विभिन्न वडामा निर्माण भएका सार्वजनिक सौचालयहरूको प्रभावकारी संञ्चालन प्रक्रिया अघि बढाउदै आवश्यकताका आधारमा थप सार्वजनिक शौचालय निर्माण गरिने छ ।

७. नगरभित्र निर्माण हुने पूर्वाधारविकासका योजनाहरूबाट केही प्रतिशत रकम वातावरण संरक्षणमा योगदान पुग्ने गरी आयोजनाको डिजाइन स्टमेट गरिने छ ।

८. नगरको हरियाली प्रर्वद्धन र फोहोरमैला व्यवस्थापनका लागि जलवायु अनुकूलनका कार्यक्रमसहित नगरगौरवको योजनाअनुसार विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरेर काम अघि बढाइने छ ।

९. वनसंरक्षण गर्दै आयमूलक वन बनाउने सामुदायिक वन उपभोक्ता समितिलाई हरियाली प्रबर्द्धन विशेष अनुदानको व्यवस्था गरिने छ ।

१०. सौर्य ऊर्जा र बायोग्याँस विस्तारमा जोड दिदै सडकबत्तिलगायत सहरी सौन्दर्य एवं ट्राफिक व्यवस्थापनमा नीजि क्षेत्रसँग सहकार्य गरिने छ ।

११. नगर विपदव्यवस्थापन समिति तथा वडा विपद व्यवस्थापन समितिलाई प्रभावकारी रूपमा संचालन गर्दै विपदव्यवस्थापन कोष र विपद् प्रतिकार्य योजना प्रभावकारी रूपमा संचालन गरिने छ ।

१२. “एक घर दुई विरुवा, हामी आफै कुरुवा” भन्ने मूल नारालाई कार्यान्वयन गरिने छ ।

१३. खोर्केखोलाको वहाब क्षेत्रलाई तथा सम्भावित क्षेत्रलाई वनस्पति उद्यानको रूपमा विकास गरिनेछ ।

१४. विपद्व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि अग्नि नियन्त्रण (दमकल) सेवालाई व्यवस्थित गरिनेछ ।

## ५. कृषि उत्पादन र रोजगारी सिर्जनाका कार्यक्रम

१. कृषिमा व्यावसायिकीकरण, यान्त्रीकरण तथा आधुनिकीकरणका साथै कृषि उद्योगको स्थापना गरी रोजगारी दिलाउने छ ।
२. अर्गानिक फलफूल, अन्न र तरकारी उत्पादन गर्न अनुदान व्यवस्था गरिने छ ।
३. विदेशी उत्पादनलाई निरुत्साही गर्दै स्थानीय उत्पादनलाई प्रोत्सान गरिनेछ ।
४. सामुहिक पशुपालन व्यावसायलाई अनुदान व्यवस्था गरिने छ ।
५. उपयुक्त स्थानमा “एक घर एक टनेल नीति” लागु गरिने छ ।
६. सहरीक्षेत्रमा कौशी खेतीलाई प्रोत्सान गरिने छ ।
७. स्थानीय विउविजक उत्पादन र संरक्षणलाई प्रोत्सान गरिने छ ।
८. हरेक वडामा कृषि उत्पादन वस्तुको संकलन, प्रशोधन र वितरण कामको व्यवस्था गरिने छ ।
९. कृषिमा सहुलियत ॠण, अनुदान, व्यावसायिक तालिम, प्रविधि, दक्ष जनशक्ति व्यवस्थापन गरिने छ ।
१०. शीतभण्डारको व्यवस्थापन गरिने छ ।
११. सामुदायिक वन र स्थानीय तहको साझेदारी रोजगार सिर्जना गर्ने, फलफुल, जडीबुटी तथा मसला जन्य खेती गर्ने नीति ल्याउनुका साथै कृषियोग्य क्षेत्रमा सिचाईको व्यवस्था गरिने छ ।
१२. स्रोत पहिचान गरी नयाँ प्रविधिमा आधारीत साना सिचाई प्रणालीलाई प्राथमिकता दिइनेछ ।
१३. कृषि उत्पादित वस्तुहरूको प्रबर्द्धन लागि साना घरेलु उद्योग सञ्चालन गरिने छ ।
१४. पशुपालन किसानका लागि आधुनिक गोठ, खोर तथा भकारो र मौरी पालन किसानका लागि घारको अनुदानको व्यवस्था गरिने छ ।
१५. पशुपक्षी, माहुरी तथा माछाका भुरा उत्पादनका लागि साना उद्योग संचालनमा प्रोत्सान गरिनेछ ।

१६. भेरी करिडोर सिचाई आयोजनाबाट स्वीकृत नगर भित्रका सबै सिचाई प्रणाली निर्माणमा प्राथमिकता दिइने छ ।

१७. वडानम्बर १, २, ९, १०, ११, १२, १३, १४ र १५ लाई पशुपालन, कृषि तथा तरकारी पकेट क्षेत्रका रूपमा विकास गरिनेछ ।

## ६. सार्वजनिक सेवा, सुशासन, संचार तथा सामाजिक सुरक्षाक्षेत्र

१. एकद्वार सूचनाप्रणाली स्थापित गर्दै अध्यावधिक सूचना बैंक स्थापना गरिने छ ।

२. नगरपालीकाको आफ्नै आधुनिक तथा सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण गरी सबै सेवालाई एकीकृत रूपमा संचालन गरिने छ ।

३. प्रत्येक वडा कार्यालयबाट दिइने सेवाप्रवाहलाई चुस्त, दुरुस्त र छिटोछरितो गराइने छ ।

४. सबै वडा कार्यालय तथा शाखाबाट सम्पादन हुने कामहरूलाई विद्युतीय सुशासन E-Governance को अवधारणाअनुसार कार्य अघि बढाइने छ ।

५. नगरका विभिन्न क्षेत्रहरूमा सिसि टि.भी क्यामरा विस्तार गरिने छ र नगर सुरक्षालाई विशेष ध्यान दिइने छ ।

६. नगरको एकीकृत गतिविधि समेटिएका दृश्य सामाग्रीहरू विभिन्न छापा तथा विद्युतीय संचार माध्यमबाट उत्पादन, प्रकाशन तथा प्रसारण गरी सूचनाको हकको प्रत्याभूति गराइने छ ।

७. नगरपालिकाबाट सम्पादित भएका कामहरूको प्रगति विवरण चौमासिक रूपमा पत्रकार भेटघाट मार्फत सार्वजनिक गरिने छ ।

८. संचारकर्मी क्षमता विकासका कार्यहरू संचालन गरिने छ ।

९. नगरपालिकाबाट प्रकाशन हुने लोककल्याणकारी सूचनाहरू स्थानीय संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिइने छ ।

१०. संस्कार, संस्कृति, भाषा, रहनसहन, भेषभूषाको संरक्षण एवम् पर्यटकीय क्षेत्रको विकास,
११. घरदेखि राष्ट्रिय स्तरसम्मको सम्मानसहितको पहिचान र अवसर,
१२. लोपोन्मुख जाति/आदिवासीको संरक्षण, राज्यबाट थप सुविधा र अवसर प्रदान ।
१३. नगरपालिका सुशासनका लागि सार्वजनिक सुनुवाईद्वारा भए गरेका विकास निर्माणहरू सार्वजनिक गरिने छ ।

## ७. सहरी सौन्दर्य तथा पर्यटनक्षेत्र

१. प्रदेशकै गौरवको रूपमा रहेका काँक्रेविहार संरक्षण क्षेत्रलाई संम्बर्द्धन गर्दै प्रमुख पर्यटकीय विकास गर्न विज्ञहरूको राय सल्लाह अनुसार थप गतिविधिहरू सञ्चालन गरिने छ ।
२. निर्माणाधीन काँक्रेविहारको पूर्वाधार कार्य सम्पन्न गरिने छ ।
३. देउतीबज्यै, बुलबुले, घण्टाघर, खोरिया, सहिदपार्क, पातल दरवार, अँधेरी गुफा, गढी, सिद्धपाइला, बाँझदयाजस्ता दर्शनीय स्थलहरूलाई धार्मिक, वातावरणमैत्री तथा खुल्ला पार्कको रूपमा एवं संरक्षण क्षेत्रको रूपमा विकास गरिने छ ।
४. देउतीबज्यै, शिवमन्दिर, उत्तरगंगाजस्ता धार्मिक क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने छ ।
५. मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिदजस्ता क्षेत्रहरूलाई विशेष संरक्ष गर्दै पर्यटन प्रवर्द्धन गरिने छ ।
६. पर्यटन पूर्वाधारको रूपमा होटेल, रिसोर्ट र रेष्टुरेन्ट खोल्नका लागि नीजी क्षेत्रलाई प्रेरित गरिने छ ।
७. थारु, गुरुङ्ग, मगर, भोटे, खम्बा र मुस्लिम समुदायमा होमस्टेको संचालन तथा विस्तार गर्न आवश्यक वातावरण मिलाइने छ ।
८. रानीघाट क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गरिने छ ।

## ८. शिक्षा, युवा तथा खेलकुद क्षेत्र

१. नगरपालिका भित्रका सबै विद्यालयहरूमा विद्यार्थी संख्याअनुपात, विषयअनुपात अनुसार दरबन्दीको व्यवस्था गरिने छ ।

२. “सफा र व्यवस्थित वीरेन्द्रनगर, गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा” नीतिको नारा बनाई यथाशीघ्र लागु गरिने छ ।

३. “युवा नगर निर्माणको मूल आधार” भन्ने मान्यतामा आधारित रहेर स्थानीय स्तरमा युवामैत्री विकासका कार्यक्रम अघि बढाइने छ ।

४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयका अतिरिक्त घर र परिवारसम्म शिक्षण सिकाइका लागि न्यूनतम शैक्षिक, भौतिक पूर्वाधार विकास गरिने छ ।

५. स्थानीय पाठ्यक्रम लागु गरी स्थानीय पहिचान र नैतिक शिक्षालाई प्राथमिकता दिदै बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिइने छ ।

६. “एक समुदाय एक बालबिकास केन्द्र” स्थापना गरी नगरपालिकाको साझेदारीमा पाँचवर्षमुनिका बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासका लागि आवश्यक बालविकास कक्षाको स्थापना गरिने छ ।

७. नगरक्षेत्रमा संचालित स्कुलहरूमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न प्रत्येक विद्यालयको प्रत्येक वर्ष प्राप्त नतिजाको आधारमा स्तरीकरण गरी विद्यार्थीको उच्चतम् सिकाइ उपलब्धि अभिबृद्धि गर्न प्रोत्साहन स्वरूप लगानी बृद्धि गरिने छ ।

८. नगरक्षेत्रको शैक्षिक लगानीको आवश्यता एकद्वार पद्धतिबाट व्यवस्थापन गर्न शैक्षिक लागनी कोष स्थापना गरिने छ ।

९. शैक्षिक पूर्वाधार निर्माण गर्दा विपद्प्रति संवेदनशील अपाङ्गमैत्री र बालबालिकामैत्री हुने गरी निर्माण गरिने छ ।

१०. प्राविधिक विद्यालय सञ्चालनको नीतिलाई निरन्तरता दिइने छ ।
११. शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई सक्षम, नतिजामुखी र प्रभावकारी रूपमा संचालन गर्न प्रधानाध्यापक र शिक्षकहरूसँग कार्य सम्पादन करार गरी विद्यार्थीको सिकाइउपलब्धि अभिवृद्धिमा जवाफदेही बनाउदै लिइने छ ।
१२. विद्यालयस्तरमा खेलकुद् प्रतियोगीताहरू सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गरिने छ ।
१३. युवाहरूको प्रतिभा पहिचान गरी क्षमताविकास गर्दै युवाहरूलाई नगर विकासको सम्वाहकको रूपमा परिचालन गरिने छ ।
१४. युवाहरूको सीपविकास तथा स्वरोजगारमा गर्दै स्थानीय स्तरमा स्वरोजगारका अवसरहरू सिर्जना गरिने छ ।
१५. विद्यालय कर्मचारी र बालविकास सहयोगीकर्ताको न्यूनतम परिश्रमिक सुनिश्चित गरिने छ ।
१६. विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिंक गुणस्तरलाई विशेष प्राथमिकता दिदै विद्यालयलाई शान्तिक्षेत्र कायम राखिने छ ।
१७. महिला शिक्षकको प्रसुती बिदाको अवधिको लागि सट्टा शिक्षकको व्यवथा गरी पठनपाठनलाई नियमित गरिने ।
१८. विद्यालय शिक्षालाई समय सापेक्ष विकास गर्न प्रविधिमैत्री बनाउनको लागि आइसिटि तालिमको व्यवस्था गरिने छ ।
१९. विद्यालयमा १० वर्षभन्दाबढी अस्थायी रूपमा सेवा गरेका राहत, बालविकास तथा विद्यालय कर्मचारी तथा शिक्षकहरूको पनि स्थायी सरह सेवा सुविधाको सुनिश्चिता गर्न पहल गरिने छ ।
२०. शैशिक सुधारका लागि जिल्ला भित्र तथा बाहिर रहेका नमूना विद्यालयहरूमा अवलोकनको व्यवस्था गरिने छ ।
२१. विद्यालय अनुगमन प्रणालीलाई भरपर्दो बनाई सरोकारवाला सबैलाई जवाफदेहि बनाइने छ ।
२२. पालिकामा रहेको मध्यपश्चिम विश्वविद्यालय तथा सुर्खेत

बहुमुखी क्याम्पससँग समन्वय गरी शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन सहकार्य गर्ने नीति लिइने छ ।

२३. सम्भव भएका वडामा एक वडा एक खेलमैदानको व्यवस्था गरिने छ ।

२४. युवाहरूको रोजगार तथा सीप विकासको कार्यक्रममा विषेश जोड दिइने छ ।

२५. युवालाई विकासको मूल प्रवाहमा जोड्न पूर्वाधार निर्माणको काममा युवा सहभागिता अनिवार्य गरिने छ ।

२६. नगरपालिकाद्वारा बनाइने शिक्षा तथा खेलकुद नीति तथा योजनामा युवाको सहभागितालाई सुनिश्चित गरिने छ ।

२७. सार्वजनिक क्षेत्रको उपलब्धताको आधारमा पार्क र खेल मैदानको व्यवस्था गरी खेल क्षेत्रको विकास गरिने छ ।

२८. नगरपालिका भित्रका छात्राहरूलाई प्राविधिक तथा कानूनी शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गरीने छ ।

२९. सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक सुधारका लागि विभिन्न तालिमको सञ्चालन गरिने छ भने सम्भव भएका वडाहरूमा एक वडा एक खेलाडी प्रशिक्षकको नियुक्ति दिइने छ ।

## ९. भू-उपयोग नीति

१. नगरपालिकामा बसोबास गर्ने भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गाधनी लालपूर्जा वितरण कार्य तीब्र रूपमा अघि बढाइने छ ।

२. नगरपालिकाले संकलन गरेका जग्गाको लागतहरूको व्यवस्थित दस्ताबेजीकरण गर्दै थप काम यथाशीघ्र सम्पन्न गर्दै तत्काल पुर्जा वितरण प्रक्रिया थालिने छ ।

३. नगरभित्रका सार्वजनिक जग्गाहरूको संरक्षण गरिने छ ।

४. भू-उपयोग नीतिलाई व्यवस्थित र बर्गिकरण गरी नगरपालिकाले स्वीकृत गरेको मापदण्डका आधारमा प्रभावकारी भू-उपयोग नीति ल्याइने छ ।

## १०. श्रम तथा रोजगार क्षेत्र

१. नगर क्षेत्रका औपचारिक र अनौपचारिक श्रमिकहरूको अनिवार्य सूचीकरण गरिने छ ।
२. स्वरोजगार व्यापारी श्रमिकहरूलाई उचित बजार व्यवस्थापन गरी सामाजिक सुरक्षामा समावेश गराइने छ ।
३. नगरपालिका कार्यालयमा श्रमिक हेल्प डेस्क स्थापना गरी श्रमिकहरूका गुनासो सुनुवाई गरिने छ
४. नगर क्षेत्रभित्र संचालित उद्योग फर्म, प्रालि तथा प्रतिष्ठानलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गरिने छ ।
५. श्रमिक प्रशासन र श्रम विवाद प्रणालीलाई कानुनतहः कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।
६. श्रम बजार व्यवस्थापनमा नयाँ प्रणाली लागु गर्न पहल गरिने छ ।
७. श्रमिकलाई स्वरोजगार श्रमिकमा रूपान्तरित गर्ने कार्यक्रम ल्याइने छ ।
८. महिला र युवा श्रमिक लक्षित सीप वृद्धि विकास कार्यक्रम ल्याइने छ ।
९. व्यवसायजन्य स्वास्थ्यसम्बन्धी सचेतनामूलक अभियान संचालन गरिने छ ।

## ११. सहकारी क्षेत्र

१. प्रचलित सहकारी ऐन नियमावलीलाई सहकारी अभियानको सुझाव लिई समय सापेक्ष बनाई लागु गरिने छ ।
२. संस्थाको दर्ता, संचालन, नियमन र अनुगमनलाई व्यवस्थीत गर्न आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरू तयार गरी कार्यान्वयनमा ल्याईने छ ।
३. सहकारी संस्थाहरूको दिगो प्रवर्द्धनका लागि पाँचवर्षे र पन्ध्रवर्षे रणनैतिक योजना निर्माण गरी लागु गरिने छ
४. सहकारी, संचालकसमिति, उपसमिति, व्यवस्थापक तथा

कर्मचारीहरूलाई सहकारी संचालनका मापदण्डहरू र आचारसंहिताको पालनामा जिम्मेवार बनाइने छ ।

५. सहकारी संस्थाहरूको आन्तरिक नियन्त्रण प्रणाली र लेखापरिक्षणलाई थप व्यवस्थित गरी स्व:नियमनको प्रणालीलाई प्रभावकारी बनाइने छ ।

६. वीरेन्द्रनगरद्वारा बनाइएका र बन्ने सबै ऐन नियमहरूलाई सहकारीमैत्री बनाइने छ ।

७. सहकारी संघसंस्थाहरूको नियमित अनुगमन, नियमन गर्ने र सुझाव दिई प्रोत्साहित गर्ने पद्धतीको विकास गरिने छ ।

८. संस्थाहरूले साधारणसभामा पेस गर्ने प्रतिवेदनमा संचालक समिति, उपसमिति र प्रवन्धकले लिने सेवा सुविधा व्यक्तिगत व्यवसाय र चल अचल सम्पत्तिको विवरण राख्ने नीतिगत व्यवस्था गरिने छ ।

९. पेसागत संघसंस्थाहरूले सञ्चालन गरेका सहकारीहरूलाई सकभर कार्यगत एकता गराई ठूला उद्योग सञ्चालन गर्न प्रोत्साहन गरी रोजगारीको सिर्जना गर्न पहल गरिने छ ।

१०. संस्थाहरूको भौतिक व्यवस्थापनका लागि तोकिएको संख्यामा लागत साझेदारीमा सहयोग गरिने छ ।

११. नगरभित्रका सहकारी मूल्य, मान्यता र सुशासनमा संचालित साना सहकारीहरूलाई प्रविधिमैत्री बनाउन आवश्यक सहयोग गरिनेछ ।

१२. सबै सहकारीहरूले सहकारी शिक्षा कोषबाट नियमित रूपमा सहकारी तालिम शिक्षा अनिवार्य संचालन गर्ने नितिगत व्यवस्था गरिने छ ।

१३. नियमित रूपमा तालिम शिक्षा संचालनको लागि प्रदेश तथा संघीय सरकारसमेतको सहयोगमा सुविधा सम्पन्न सहकारी प्रशिक्षण तथा अध्ययनकेन्द्र संचालनमा ल्याइने छ ।

१४. नगरभित्रका विद्यालय र मध्यपश्चिमाञ्चल विश्वविद्यालय तथा सुर्खेत बहुमुखी क्याम्पसमा सहकारी व्यवस्थापन (Cooperative Management) को शैक्षिक कार्यक्रम संचालनका लागि

आवश्यक सहयोग र समन्वय गरिने छ ।

१५. प्रत्येक सहकारी संस्थाले प्रत्येक वर्ष न्यूनतम् दुईवटा विद्यालय र चारवटा विपन्न समुदायमा एउटा वित्तीय साक्षरता एवं सहकारी अवधारणा कक्षा लिनुपर्ने नीतिगत व्यवस्था गरिने छ ।

१६. समुदायमा सहकारीसम्वन्धी चेतना अभिवृद्धि गर्न प्रवर्द्धनात्मक सामग्रीहरूको प्रकाशन तथा संचार माध्यमहरूको सहकार्यमा प्रभावकारी प्रचारप्रसारको व्यवस्था गरिने छ ।

१७. राष्ट्रिय, अन्तराष्ट्रिय क्षेत्रमा भएका सहकारीका नयां उत्कृष्ट अभ्यासहरूको अध्ययन, अवलोकन र हस्तान्तरण गर्ने व्यवस्था गरिने छ ।

१८. पछाडि परेका सहकारी संस्थाका संचालक, व्यवस्थापक तथा कर्मचारीहरूलाई तालिमको व्यवस्था गरी नेतृत्व गर्न योग्य बनाउन पहल गरिने छ ।

१९. विभिन्न विधामा उत्कृष्ट हुने सदस्यहरूलाई सम्मान गर्ने व्यवस्था गरिने छ ।

२०. सहकारीहरूलाई उत्पादनमा जोडिने प्रकारका कार्यक्रमहरू ल्याइने छ ।

२१. नगरक्षेत्रभित्र गैरसरकारी तथा सहकारी संस्थाहरू स्वीकृति लिई सञ्चालन नभएका संस्थाहरूको यथाशिघ्र दर्ता खारेजी गरिने छ ।

२२. सहकारी संस्थाहरूलाई आफनो उद्देश्य र प्रकृति अनुसारको व्यवसायमा केन्द्रीय गरिने छ ।

२३. संस्थाहरूको कर्जा प्रवाहयोग्य पुँजीको न्यूनतम् ७०% पुँजी उत्पादन, प्रशोधन र बजारीकरणमा परिचालित गर्न अनिवार्य गरिने छ ।

२४. उत्पादन प्रशोधन तथा बजारीकरणको व्यवसाय गर्ने सहकारीहरूलाई निश्चित् ब्याज अनुदान, साझेदारी लगानी र प्राविधिक सहयोगको व्यवस्था गरिने छ ।

२५. उद्देश्य र प्रकृति अनुसारको व्यवसाय गर्ने सहकारीको मूल्य, मान्यता र सिद्धान्तमा संचालित सकारीहरूलाई पुरस्कार र

सम्मान गर्ने व्यवस्था गरिनेछ ।

२६. वीरेन्द्रनगर नगररपालिका भित्र स्थायी वसोवास भएका परिवारका बेरोजगार युवाहरू पाँचजनाभन्दा बढी लाई रोजगारी दिने गरी व्यवसाय गर्ने सहकारीका सदस्यहरूलाई संस्थाले प्रवाह गरेको कर्जामा एक वर्षको ब्याज उपलव्ध गराईने छ ।

२७. नगर सहकारी साझेदारीको अवधारणामा नगरका सबै वडाहरूमा सहकारी उपभोक्ताभण्डार संचालन गरी सुपथ मूल्यमा शुद्ध उपभोग्य वस्तु उपलव्ध गराइने छ ।

२८. एकीकरण भएका संस्थाहरूको बृहत् पुजीलाई पर्यटन, प्रवर्द्धन कृषि उपज भण्डारण, फलफूल तथा पशुपालन, लघु घरेलु उद्योग र प्रविधि बजार विस्तारमा लगानी गर्न प्रोत्साहित गरिने छ ।

२९. विभिन्न किसिमका स्वरोजगारमूलक कार्यक्रमहरू संचालन गरी युवाहरूलाई स्वरोजगार बनाइने कार्यक्रमहरू संचालन गरिने छ ।

३०. न्यूनतम् सेयर शुल्कको व्यवस्था गरी विपन्न र पछाडि परेका समुदायको घरपरिवारलाई सहकारीमा आवद्ध गर्ने व्यवस्था गरिने छ ।

३१. सहकारीमा आबद्ध विपन्न परिवारलाई सहकारी तथा वित्तीय साक्षरता शिक्षा एवं सीपमूलक व्यावसायिक तालिमको व्यवस्था गरिने छ ।

३२. विपन्न परिवारको सदस्यहरूलाई स्वरोजगार बनाउन विनाधितो सहुलियत कर्जा र तालिमको व्यवस्था गर्न, नगर र सहकारीको साझेदारीमा एकीकृत कार्यक्रम संचालन गरिने छ ।

३३. सहकारीमा आवद्ध महिला र फरक क्षमता भएका सदस्यहरूको व्यवसायिक विकासका लागि सबै सहकारीले विशेष प्राथमिकतामा राख्न नीतिगत व्यवस्था गरिने छ ।

३४. लक्षित समूहद्वारा संचालन गरिने उद्योग व्यवसायका लागि विउपुँजीको व्यवस्था, सहुलियतपूर्ण कर्जा र पुँजीगत अनुदानको व्यवस्था गरिने छ ।

३५. सहकारी संघसंस्थाको नेतृत्वमा लैंगिक समानता र समावेशी अवधारणाको विकास गर्न सकारात्मक विभेदको विशेष व्यवस्था र नेतृत्व क्षमता विकासका लागि सशक्तीकरणका कार्यक्रम संचालन गरिने छ ।

३६. सबै सहकारीहरूले वार्षिक कार्यक्रम बनाउँदा समुदायप्रतिको उत्तरदायित्वअर्न्तगत विपन्न, अशक्त र पछाडि परेको वर्ग तथा समुदायमा केन्द्रित कार्यक्रम बनाउनुपर्ने नीतिगत व्यवस्था गरिने छ ।

३७. सहकारी संस्था वा सहकारीबाट प्रबर्द्धित व्यवसायमा विपन्न परिवारका सदस्यहरूलाई प्राथमिकतामा राख्न नीतिगत व्यवस्था गरिने छ ।

## हाम्रा संकल्पहरु

- हाम्रा प्रतिनिधिहरु शासक होइन, जनताको सेवक हुने छन्,
- हाम्रा जनप्रतिनिधिहरु सामाजिक जागरण र विकासका अभियान्ता हुने छन्,
- हाम्रो नेतृत्वमा रहेको वीरेन्द्रनगर नगरपालिका सुशासनमा नमूना बन्ने छ,
- हाम्रा जनप्रतिनिधिहरुले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन्,
- हाम्रा जनप्रतिनिधिहरुले न भ्रष्टाचार गर्नेछन्, न गर्न दिने छन्,
- हाम्रा जनप्रतिनिधिहरुले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरुलाई कानुनी कार्बाहीको दायरामा ल्याउने छन्,
- हाम्रा जनप्रतिनिधिहरुले नेतृत्व सम्हालेको प्रारम्भ र अन्त्यमा सम्पति सार्वजनिक गर्नेछन् ।

**सूर्य चिन्हमा मतदान गरौं**
**नेकपा (एमाले) का उम्मेदवारहरूलाई**
**विजयी बनाऔं ।**



**मोहनमाया ढकाल (भण्डारी)**
नगर प्रमुख



**निलकण्ठ खनाल**
नगर उपप्रमुख